# त्रिभुवन विश्वविद्यालय
## व्यवस्थापन संकाय

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-५९०७९२७ (Exam)
फ्याक्स : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np
www.tudoms.org

च.नं. २३४४
मिति: २०८० । ११ । १८

## विद्यावारिधि दरखास्त आह्वान २०८०/२०८१ सम्बन्धी जरुरी सूचना

यस त्रि.वि. व्यवस्थापन संकाय, डीनको कार्यालय, कीर्तिपुरको विद्यावारिधि (PhD) कार्यक्रममा सम्मिलित भै अध्ययन गर्न इच्छुक योग्य उम्मेदवारहरुबाट रितपूर्वक दरखास्त आह्वान गरिएको छ । दरखास्त फाराम बुझाउने सम्बन्धी देहाय बमोजिमको विवरणहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

दरखास्त फाराम
दरखास्त फाराम व्यवस्थापन संकाय, डीनको कार्यालयको बेवसाइट **"www.tudoms.org"** बाट डाउनलोडको माध्यमबाट
(क) Application Form for PhD Enrolment- 2080/081
(ख) Check List/Details of Applicant for PhD Enrolment दुई किसिमको प्राप्त गरी सम्पूर्ण विवरण भरेर मिति **२०८० । १२ । ०१ देखि मिति २०८० । १२ । ३० शुक्रबार सम्म** कार्यालय समय भित्र बुझाउन सकिने छ ।

**आवेदन दिने उम्मेद्वारको योग्यता सम्बन्धी विवरण देहाय अनुसार तोकिएको छ :**
क) व्यवस्थापन तथा जनप्रशासन विषयमा स्नातकोत्तर तह कम्तिमा दोस्रो श्रेणीमा उत्तीर्ण भएको ।
ख) व्यवस्थापन तथा जनप्रशासन विषयमा एम. फिलमा कम्तीमा दोश्रो श्रेणी वा सो सरहमा उपाधि प्राप्त गरेको ।

**दरखास्तसाथ देहायका प्रलेखहरु समेत अनिवार्य बुझाउनु पर्ने छ :**

१. पूराअवधि शोधार्थी भई शोधकार्य (अध्ययन) गर्नुपर्ने/Full Time Research Scholar हुनुपर्ने भएको हुँदा सोको लागि आफु कार्यरत निकाय प्रमुखबाट विदाको पूर्व स्वीकृतिको पत्र ।
२. निम्नानुसार विषयवस्तु स्पष्ट खुलाइएको र विवरण सहितको **विद्यावारिधि अध्ययनको शोधप्रस्ताव** (PhD Research Proposal) **२** (दुई) प्रति ।

**I Introduction**
- a) Statement of the Problem
- b) Objectives
- c) Research Hypothesis (If any)
- d) Research Questions
- e) Limitations
- f) Chapter Outline

**II Literature Review**

**III Research Methodology**
- a) Research Design
- b) Sources of Data
- c) Sample
- d) Analytical Tools

**References**

३. नागरिकता तथा शैक्षिक योग्यताको प्रमाणपत्रहरु-एस.एल.सी. देखि हालसम्मको प्रत्येकको छायाँ प्रति/**त्रि.वि. बाहेक अन्यत्रबाट उत्तिर्ण गरेका उपाधिहरुको त्रि.वि.बाट समकक्षता प्रमाणित पत्रहरु प्रत्येकको छायाँप्रति ।**
४. १ प्रति व्यक्तिगत विवरण ।
५. व्यवस्थापन डीनको कार्यालयको (नेपाल बैंक लि. ०४५०0१०००९९०६६००००१-देशको जुनसुकै शाखा) बैंक खातामा आवेदन फारामको रु **१५,०००।- (पन्ध्रहजार मात्र) बुझाएको सक्कल भौचर प्रति ।**
६. दरखास्त फाराम बुझाउने अन्तिम दिन पछि थप ७ दिन भित्र उक्त शुल्कमा थप रु ५,०००।- तिरी फाराम भर्न सकिने छ ।
७. रित नपुगेको, तोकिएको प्रमाण खुल्ने कागजात संलग्न नभएको तथा म्याद नाघि आउने आवेदन फारामहरु स्वीकार्य हुने छैन ।

...............................
प्रा.डा. डिल्लीराज शर्मा
डीन

**बोधार्थ तथा कार्यार्थ:**
श्री लेखाशाखा,
व्यवस्थापन संकाय, डीनको कार्यालय,
त्रि.वि. कीर्तिपुर ।